मिति २०७७/०३/२९ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन <u>समितिको वैठकबाट भएका निर्णयहरु</u>

<u>निर्णय नं. १</u>

मार्तडी- साँफे सडक खण्डको बुढीगंगा न.पा. वडा नं. १, द्वारी भन्ने स्थानमा गएको भिषण पहिरोमा परी अंदाजी ७० मीटर सडकमध्ये केहि भाग पूर्ण रुपमा क्षति र केहि भाग भासिन गई मिति २०७७/०३/२३ गते विहान देखि यातायात/आवागमनमा अवरुद्ध भएकोले जिल्ला सदरमुकाम लगायतका अन्य क्षेत्र र छिमेकी जिल्लाहरुमा समेत दैनिक उपभोग्य/अत्यावश्यक सामग्री, निर्माण सामग्रीको ढुवानीमा अवरोध उत्पन्न भएको छ | उक्त सडक जिल्ला सदरमुकाम जोड्ने एक मात्र सडक भएको, सडकको तल समानान्तर जस्तै गरी बग्ने बुढीगंगा नदीको कटानले हालसम्म पनि पहिरो गई रहेको, नदीको पश्चिम तर्फ त्रिवेणी न.पा. वडा नं. ९, पैमामा बिगत ३ बर्ष देखि लगातार पहिरो गईरहेकोले वर्तमान तथा भविष्यका लागि समेत दीर्घकालीन रुपमा टीकाउ हुने गरी सडक मर्मतको कार्य प्रचलित कानून बमोजिम विशेष प्रकृया अपनाई शीघ्र सम्पन्न गर्न सडक डिभिजन, साँफेबगर मार्फत सडक विभाग, बबरमहल, काठमाडौंमा अनुरोध गर्ने ।

<u>निर्णय नं. २.</u>

निर्णय नं. १ मा उल्लेखित बुढीगंगा नदी कटान नियंत्रणको दीर्घकालीन व्यवस्था गर्न उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार, काठमाडौंमा अनुरोध गर्ने | माथि (नि.नं. १ मा उल्लेखित समेत) कार्यका लागि आवश्यक समन्वय गरी दिन नेपाल सरकार, गृह मंत्रालय, सिंहदरबार, काठमाडौं र सुदूरपश्चिम प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, धनगढीलाई अनुरोध गर्ने ।

<u>निर्णय नं. ३.</u>

माथि उल्लेखित सडक खण्डका कारण यातायात अवरुद्ध हुँदा बाजुरा जिल्ला मात्र नभई छिमेकी जिल्लाका बासिन्दाहरुको समेत आवागमन, आपतकालिन आवागमन, दैनिक उपभोग्य सामाग्री, औषधि, निर्माण सामाग्री आदिको ढुवानीमा अवरोध भई आगामी दिनहरु थप कष्टकर हुने, बजारमा अभाव सिर्जना हुने, विकास निर्माणका कृयाकलापहरु अवरुद्ध हुने भएकाले पहिरो गएको स्थानको नजिकै प्रारम्भिक प्राविधिक परीक्षणको कार्य सम्पन्न भइसकेको हुदा तत्कालका लागि सडक डिभिजन, साँफेबगर, अछामले तुरुन्त माथि तर्फबाट दुइपांग्रे सवारी साधन, साना मालवाहक सवारी साधन वा ट्रयाक्टर आवागमन हुन सक्ने गरी अस्थायी डाईभर्सन सडक खोल्ने

<u>निर्णय नं. ४.</u>

माथि निर्णय नं. १ र २ मा उल्लेखित निर्माण तथा मर्मतको कार्य दीर्घकालीन प्रकृतिको भएको र निर्णय नं. ३ मा उल्लेखित डाईभर्सन सडक खोल्ने कार्य गर्दै जाँदा कथंकदाचित सम्पन्न गर्न नसकिने अवस्था आएमा विकल्पको रुपमा निम्न विकल्पहरुमध्ये प्राविधिक, वातावरणीय, सामाजिक र आर्थिक दृष्टिकोणले उपयुक्त देखिएको कुनै एक विकल्प शीघ्र छनौट गरी वजेट विनियोजन सहित निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्न सडक डिभिजन, साँफेबगर, अछाममार्फत सडक विभाग, बबरमहल, काठमाडौंलाई अनुरोध गर्ने । सडक विभागबाट बजेटको सुनिश्चितता नभएको अवस्थामा प्राविधिक सहायता, मेशिनरी उपकरण र जनशक्ति

सडक डिभिजन, साँफेबगरबाट उपलब्ध गराई बुढीगंगा न.पा. र बडीमालिका न.पा. ले आ-आफ्नो क्षेत्र भित्रको कच्ची सडक यथाशीघ्र निर्माण गर्ने | सडक निर्माणको क्रममा उत्पन्न हुन सक्ने सम्भावित मुद्धा/विवादहरुको निराकरण र थप वित्तीय स्रोतको सुनिश्चितता दुवै नगरपालिकाले आपसी समन्वयमा निरुपण गर्ने |

<u>विकल्प नं. १.</u>

धुरालसैन ( कन्सर्न बाजुरा, कार्यालय ) – ओमकोट - द्वारी वैकल्पिक सडक

<u>विकल्प नं. २.</u>

धुरालसैन मा.वि.- जारीमपानी - रीला- तिपाडा वैकल्पिक सडक

<u>निर्णय नं. ५.</u>

उल्लेखित पहिरो तथा नदी कटानका कारण विपद् जोखिममा रहेको ओमकोट वस्ती स्थानान्तरण, विगत बर्ष र यस वर्षको पहिरोबाट क्षति भएको नगदेवाली, कृषि भूमि, आवासीय घर आदिको क्षतिपूर्ति/राहत र ओमकोट बस्तीलाई सडक संजालमा जोड्ने विषयमा स्थानीय जनताबाट सामुहिक रूपमा पेश भएको माग पत्र सम्बन्धमा वस्ती स्थानान्तरणका लागि यस समितिको मिति २०७५/०१/०१ को निर्णय बमोजिम भएका पत्राचार र कारवाहीको बारेमा शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं र सम्बन्धित नियकाहरुमा समन्वय, Follw Up गर्ने ।.विगत बर्ष र यस वर्षको पहिरोबाट क्षति भएको नगदेवाली, कृषि भूमि, आवासीय घर आदिको क्षतिपूर्ति/राहत सम्वन्धमा स्थानीय सरकार प्रमुख र गैर सरकारी संस्थाका प्रतिनिधिज्यूहरुले राहत उपलब्ध गराउन बैठकमा सहमत हुनु भएकोले सम्वन्धित वडा कार्यालयले स्थलगत निरीक्षण गरी दिएको प्रतिवेदनलाई आधार मानी पहिचान भएका घरधुरीलाई प्रति घरधुरी अधिकतम १०० कि.ग्रा. चामल, ५ कि.ग्रा. दाल र २ लि. तेल सम्वन्धित वडा, सुरक्षा निकाय, राजनीतिक दलका प्रतिनिधि र नागरिक समाजको रोहवरमा १५ दिन भित्र उपलब्ध गराउने | सोको अनुमानित लागत रु. ७,००,०००/- (सात लाख रुपैयाँ) मध्ये गैसस महासंघ, बाजुराले उपलब्ध गराउन प्रतिवद्धता व्यक्त गरेको रु. ५०,०००/- (पचास हजार रुपैयाँ) र बाँकी रकम बडिमालिका नगरपालिका, बुढीगंगा नगरपालिका र अन्य पालिकाहरुले आपसमा समन्वय गरी उपलब्ध गराई सोको प्रतिवेदन यस समितिमा समेत पेश गर्ने ।'

<u>निर्णय नं. ६.</u>

ओमकोट वस्तीलाई सडक संजालसंग जोड्ने विषय प्राविधिक, वित्तीय तथा आर्थिक-सामाजिक दृष्टिकोणले सम्भव र उपयुक्त रहेकोले नियमित बजेटबाट सम्पन्न गर्न सकिने भनी सडक डिभिजन, साँफेबगरका डिभिजनल इन्जिनियर ज्यूले प्रतिवद्धता व्यक्त गर्नु भएकाले आवश्यक प्रकृया पूरा गरी सोही बमोजिम सडक डिभिजन, साँफेबगरले यथाशीघ्र उक्त बस्तीसम्म सडक पहुँच विस्तार गर्ने |

<u>निर्णय नं. ७.</u>

यस बर्षको बढ्दो मनसूनसंगै पहिरोका कारण भएको मुख्य राजमार्गको क्षति बाहेक यस जिल्लामा अन्य ठूला प्रकोपका घटनाहरु नभए पनि सम्भावित विपदको प्रतिकार्यका लागि जिल्ला स्थित सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाईटी, स्थानीय सरकार, राजनीतिक दल, विषयगत कार्यालयहरु लगायत सरोकारवाला निकायहरु सबैले सावधानी, सतर्कता अपनाउने,

पूर्व तयारी गर्ने । विपद उद्धार र राहतका लागि उपलब्ध स्रोत साधनहरु दुरुस्त र तयारी हालतमा राख्ने ।/सूचना तथा संचार् संयन्त्रलाई अझै प्रभावकारी बनाउने । हालै स्थापित जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC) मा आवश्यक स्रोत साधन थप गरी पूर्ण रूपमा संचालन गर्ने ।

<u>निर्णय नं. ८.</u>

हाल छिटपुट रूपमा भईरहेका विपद्का घटनाहरुमा जिल्ला प्रशासन कार्यालयबाट विभिन्न मितिमा विभिन्न व्यक्तिहरुलाई राहत स्वरूप उपलब्ध गराइएको नगद रु. १,६३,०००/- (एक लाख त्रिसट्ठी हजार रुपैयाँ) अनुमोदन गर्ने । हाल जिल्ला विपद् व्यवस्थापन कोषमा रु. ५,४२,०००/- (पांच लाख बयालीस हजार) रकम मौज्दात रही न्यून रहेकाले केन्द्रिय विपद् व्यवस्थापन कोषवाट रु २०,००,०००/- (बीस लाख रुपैयाँ) उपलब्ध गराउन गृह मन्त्रालयमा अनुरोध गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मार्तडी, बाजुरा

निर्णय प्रमाणित । Sameer
०६६/०३/२९
समीर भण्डारी
सहायक प्रमुख जिल्ला अधिकारी